नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद्
त्रिपुरेश्वर, काठमाण्डौं

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२

४/०७५ - च.नं.: १६८

मिति: २०७४।७।१३

श्री ७५ जिल्ला युवा समितिका कार्यालय

विषय: विवरण उपलब्ध गराइदिने बारे ।

उपरोक्त विषयका सम्बन्धमा यस आव २०७४।०७५ मा त्यस जिल्लामा युवाहरका लागि युवा सिप तथा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्न निम्न अनुसारका विवरण आवश्यक भएकाले यही कार्तिक मसान्तभित्र उक्त विवरण उपलब्ध गराइदिनु हुन निर्देशनानुसार अनुरोध छ ।

<u>माग गरिएको विवरण</u>

१. गत वर्ष यस परिषद्बाट युवा सिप विकास ३९० घण्टे तालिम लिई सो तालिम अनुसारको कुनै व्यवसाय एवम् उद्यम गरिरहेकामध्ये सिप परीक्षण गर्न चाहने युवाको विवरण ।
२. गत वर्ष यस परिषद्बाट ३९० घण्टे वा अन्य सिप तालिम लिई काम गरिरहेकामध्ये सो तालिम अनुसारको व्यवसाय वा उद्यममा थप सहयोग आवश्यक पर्ने भए आवश्यक पर्ने सहयोगको किसिमसहितको युवाको विवरण ।
३. त्यस जिल्लामा रहेको बजारमाग अनुसारको तालिममा सहभागी हुन चाहने युवाको विवरण ।
४. युवालाई स्वरोजगार बनाउन सहयोग गर्ने त्यस जिल्लामा रहेका परम्परागत लोपोन्मुख सिपहरुको विवरण ।

कर्णबहादुर भुवाजी
उपसचिव

उपसचिव